महालेखापरीक्षकको

वार्षिक लेखापरीक्षण प्रतिवेदन

२०७८

चौरपाटी गाउँपालिका

अछाम

महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)

प.सं. २०७८।७९ मितिः२०७८।५।४

च.नं ६८

श्री अध्यक्षज्यू,

चौरपाटी गाउँपालिका, अछाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

....

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सूदुरपश्चिम प्रदेश)

प.सं. २०७८।७९ मितिः २०७८।५।४

च.नं. ६९

श्री अध्यक्षज्यू,
चौरपाटी गाउँपालिका, अछाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले चौरपाटी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यस संग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्तगर्ने आधार

१. लेखापरीक्षणबाट रु ४ करोड ८२ लाख ८२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. ४४ लाख १८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड २६ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६९ लाख ३६ हजार र म्याद नाघेको पेश्की बाँकी रु ६३ लाख १६ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना बत्तीस (३२) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

चौरपाटी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १८२.१६ वर्ग किलोमिटर क्षेत्रफल तथा २५१४९ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**			१	**चालु खर्च**	३३६२०४४५१.०५	
	क) नगद	१९४३९५४५.०		२	**पूँजीगत खर्च**	१८५६९१७२०.०९	
	ख) बैंक	७१६९८३८.०		३	**वित्तिय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**				क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	९८४५३२५.७			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	६०७६१९८७.९			ग) अन्य भुक्तानी		
	ग) अन्य आय			४	**लगानी**		
३	**वित्तिय हस्तान्तरण संघ**				ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	९०००००००			शेयर लगानी		
	ख) सशर्त अनुदान	१६३४३७४८५			अन्य लगानी		
	ग) समपूरक अनुदान	१९४०००००		५	**धरौटी फिर्ता**		
	घ) विशेष अनुदान	१७५०००००		६	**जनश्रमदान फिर्ता**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			७	**कोष फिर्ता**		
	क) वित्तिय समानीकरण अनुदान	७०५५०००		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	८११९०००			क) बैंक मौज्दात	०.९५	
	ग) समपुरक अनुदान	१११३६०००			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	७५०००००		९	**शसर्त अनुदान फिर्ता**	२६५३१२१६	
				१०	**निकासा फिर्ता (सशर्त) बैदिशक श्रोत फिनल्याण्ड**	९३०१२	
५	**अन्तर सरकारी अख्तियारी प्राप्त**	१११९४४८१०		११	**गत बर्षको बढी अल्या**		
६	**अन्य**			१२	**जनश्रमदान मौज्दात**		
	क) क्षेत्रीय शहरी विकास योजना			१३	**धरौट मौज्दात**		
	ख) सडक बोर्ड नेपाल			१४	**कोष खाताको मौज्दात**	१००००	
	ग) पर्यटन बोर्ड नेपाल						
७	**विभिन्न कोषतर्फको आय**	१५२२१४०८					
८	**जनसहभागिता (नगद)**						
९	**विषयगत निकायबाट प्राप्त**						
१०	**धरौटी आय**						
११	**लगानीको साँवा फिर्ता**						
१२	**अन्य विविध आय**						
	जम्मा	**५४८५३०४००.४**			**जम्मा**	**५४८५३०४००.४**	

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

- **वित्तीय विवरण विश्लेषण**

१. **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँगाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँगाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन।गाउँपालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १६८४१५२६.३७ ले फरक देखिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२. **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।तर गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु २६६०९३८३.० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु १९४३९५४५.० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ७१६९८३८.० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ।

३. **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४. **बैक हिसाब मिलान** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी पेश गरेको छैन।कार्यालयलबाट खर्च खाताको बर्गिकरण अनुसार बैंक स्टेटमेन्ट पेश नभएकोले, श्रेस्ता बैंक हिसाब मिलानको विवरण एकिन गर्न सकिएन।

सि.नं	खाताको नाम	श्रेस्ता अनुसार २०७७।३।३१को बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०७७।३।३१ को बाँकी	फरक
१	चालु खर्च खाता बिजोर बर्ष	३००८६१६४.८६	२०४८०६६२	९६०५५०२.८
२	पूँजिगत खर्च खाता बिजोर वर्ष	३१०५९७९६.४९	२५६२४०४४.४६	५४३५७५२.०

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

३	मूल संचित कोष	२३६५७९१.४९	३१५९०२०.०६	–७९३२२८.५७
४	धरौटि खाता	०.००	१७४३३३	१७४३३३
५	विविध कोष खाता	१००००	१००००	०.००
६	विभाज्य कोष खाता	०.००	०.००	०.००
७	प्रकोप व्यवस्थापन कोष	५००९६१	१३३३६७१	–८३२७१०.०
जम्मा				१६८४१५२६.३७

५. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आ–आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्दछ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु ३००८६१६४.८६ ,पुजीगत खर्च खातामा रु. ३१०५९७९६.४९ र विभाज्यकोषमा रु.० समेत गरी रु. ६११४५९६१.३५ मौज्दात रहेको पाईयो ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको, अभिलेख नराखेको ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडीएस गरेको छैन ।

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता अद्यावधिक राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • भ्रमण अभिलेख खाता नरहेको तथा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिन वा सोभन्दा बढी भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । . निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
७.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने	

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

- **बजेट तथा कार्यक्रम**

८. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यगाउँपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकमा मिति २०७६/०३/१० गते बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९. **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१०. **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रु हजारमा)

सि.नं	विवरण	कुल खर्च	प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	३३३०७५	८४२३७	९६८८८.	१५१९४९	७३०६८
२	पूँजिगत खर्चतर्फ	१८८८२०	४२५९	२९५९६	१५४९६४	१३१८००
	जम्मा	५२१८९६	८८४९७	१२६४८४	३०६९१४	२०४८६८
	प्रतिशत	१००	१६.९	२४.२	५८.८	३९.२

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक तेश्रो चौमासिकमा रु ३०६९१४१८८.८२ अर्थात ५८.८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २०४८६८००० अर्थात ३९.२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

११. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३०९५६६९०	२३८४४८६३	७७.०३
२	पूर्वाधार विकास	२३४१५५९१०	२०४४६९६०१	८७.३२
३	सामाजिक विकास	१०१५०७०६१.४९	८६१९९७२९	८४.९२
४	बातावरण तथा विकास	०.००	०.००	०.००
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	६०४६४००	५९६८५००	९८.७१
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८१५४४३२२	७२५८१७२९.१४	८९.०१
	जम्मा	४५४२१०३८३.४	३९३०६४४२२.१	८६.५३

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५१.६९ प्रतिशत सामाजिक विकासमा भने वातावरण विकास तथा संस्थागत विकासमा खर्च गरेको छैन ।

१२. **खर्च बिश्लेषणः** गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ९८४५३२५.७० राजस्व बाँडफाँड र अनुदानबाट रु ५१२०७५६९०.८१ समेत रु.५२१९२१०१६.५१ आम्दानी भएकोमा चालु तर्फ रु. ३३६२०४४५१.०५ र पूँजिगत तर्फ रु. १८५६९१७२०.०९ र बित्तिय ब्यबस्था तर्फ रु ०.०० समेत रु.५२१८९६१७१.१४ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८ प्रतिशत रहेको छ । ।गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.४ प्रतिशत चालु र ३५.५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट गाउँपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

संगठन तथा कर्मचारी ब्यवस्थापन

१३. **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
७	७	१	६

१४. **करार नियुक्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। साथै सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। कार्यालयले दरबन्दी बेगर तोकिएको बाहेक देहायमा पदमा निम्न संख्यामा कर्मचारी नियुक्ती गरी रु २३१९०००.० भुक्तानी गरेको छ। दरबन्दी बाहेकको पदमा नियुक्त गरी तलब खर्च लेखेकोले गाउँपलिकालालाई व्ययभार बढ्न गएको रु — २३१९०००.०

सि.नं	पद	कर्मचारी संख्या	भुक्तानी रकम
१	CBHC कर्मचारी	२	४०८०००.०

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

२	प्रशासन सहायक	१०	१९११०००.०
		जम्मा	२३१९०००.०

</td><td></td></tr>
<tr><td>१५.</td><td>नियुक्तिबिना खेल प्रशिक्षकलाई तलब भुक्तानीः ४४/२०७६/६/१३, करार कर्मचारी नियुक्ति र करार सम्झौता कार्यालय प्रमुखले गर्नुपर्ने व्यवस्था छ।कार्यालयले खेलकुद प्रशिक्षकको तलब भत्ता बापत रु २८२०००.० भुक्तानी गरेकोमा, खेलकुद प्रशिक्षकको दरबन्दी स्वीकृत दरबन्दी संरचानमा नरहेको र निजको नियुक्ती तथा करार सम्झौता समेत गरेको छैन।दरबन्दी बाहेकको पदमा नियुक्ति तथा करार सम्झौताबिना तलब खर्च लेखेको छ।तलब खर्च भुक्तानीको आधार पेश हुनुपर्ने रु</td><td>२८२०००.०</td></tr>
<tr><td>१६.</td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
८५	५०	३५	१०	७	१५७

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु. १ लाख देखि ५० लाख सम्मका जम्मा १५७ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र १४५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र वितरणमूखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१७.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको, यो बर्ष थप भएको ३ गरी कुल ३ विवाद दर्ता भएकोमा १ वटा फछ्र्यौट भएको छ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>कानुन निर्माण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १२ वटा ऐन र २७ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td></td><td>• पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>१९.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा : गाँउसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु ५८०७८५९.० सुविधा वापत भुक्तानी भएको छ।</td><td></td></tr>
<tr><td>२०.</td><td>स्वकीय सचिव र सल्लाहकारः- सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन,२०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ।कार्यालयले गाउँपालिकाको कानुनी सल्लाहकार भनि अधिकृतस्तरको तलब भत्ता भुक्तानी हुने गरी नियुक्त गरी मासिक रु २५०००.० का दरले रु. ३२५०००.० भुक्तानी गरी व्ययभार बढ्न गएको रु</td><td>३२५०००.०</td></tr>
<tr><td>२१.</td><td>पदाधिकारी थप संचारः ४९७/२०७७/२/७,सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग समबन्धीत अनुसूची १(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। कार्यालयले पदाधिरकारीहरुलाई संचार बापत ऐनले तोकेको रकम एकमुष्ठ भुक्तानी गरेकोमा, ९ जना पदाधिकारीहरुलाई संचार खर्च बापत रु ६७२००.० भुक्तानी भएकोले, संचार बापत दोहोरो भुक्तानी भएको सम्बन्धितबाट असुल गर्नुपर्ने रु</td><td>६७२००.०</td></tr>
<tr><td>२२.</td><td>पदाधिकारीलाई अनुगमन भत्ता - सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग समबन्धीत अनुसूची १(ख) मा निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ, तथा कर्मचारीहरुले कार्यालयको नियमित काम कारवाही संचालन गर्दा अतिरिक्त भत्ता वा लाभ लिन मिल्ने देखिदैन।गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरुले देहायको कार्यक्रममा अनुगमन भत्ता रु १४१६६०.० भुक्तानी गरेको छ।
<table>
<tr><th>भौ.नं/मिति</th><th>व्यहोरा</th><th>पदाधिकारी संख्या</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>३१५/२०७६/१०/२८</td><td>उपभोक्ता समिति पदाधिकारी अभिमुखिकरण</td><td>११</td><td>११९९००.०</td></tr>
<tr><td>५४३/२०७७/३/४</td><td>ग्रामीण खानेपानी मर्मत सम्भार कार्यकर्ता तालिम</td><td>५</td><td>२१७६०.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४१६६०.०</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>• कर दस्तुर एवं आन्तरिक आय</td><td></td></tr>
<tr><td>२३.</td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।गाउँपालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>५१२०७५६९०.८१</td><td>९८४५३२५.७०</td><td>१.९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२४.	**कर तथा शुल्क असुली** — स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली
परीक्षा शुल्क	०.००	०.००
अन्य प्रशासनिक सेवा शुल्क	०.००	०.००
अन्य करसम्पती बहाल तथा) पट्टा वाफतको आयमा लाग्ने कर	१०००००	८२९२०
वहाल विरौटी शुल्क	५०००	६०००
टेन्डर सुल्क	०.००	०.००
व्यवसाय कर	३५००००	२९३४००
एककृत सम्पती कर तथा मालपोत तथा अन्य	७५०००	७००००
जम्मा	५३००००.०	४५२३२०.०

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
२५.	**रसिद नियन्त्रण खाताः** गाँउपालिकाले आन्तरिक आय तर्फ प्रयोग हुने नगदी रसिदहरुको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ । गत वर्षको मौज्दात, यो वर्षको आय,यस वर्षको खर्च र बाँकी जिम्मेवारी सर्ने रसिद ठेलीको विवरण गाँउपालिकाले तयार गरेको छैन ।जसबाट आन्तरिक आय तर्फ प्रयोग भएका सबै रसिदको आय गाउपालिकाको आन्तरिक श्रोतको आयमा आएको छ भन्न सक्ने अवस्था छैन ।	
२५.१.	गाँउपालिकाले यो वर्ष रु ९८४५३२५.० आय गरेको छ ।सो आय मध्ये कुन कुन शिर्षकबाट प्राप्त आय हो सो को श्रोतगत विवरण कार्यलयले तयार गरेको छ ।एकिकृत सम्पत्ति कर लागु गरेको छैन भने ड्रोजर भाडा स्वरुप प्राप्त आयको अभिलेख रहेको छैन,ढुङ्गा गिट्टि,बालुवाको आय रहे नरहेको खुलेको छैन ।गाँउपालिकाले आयको श्रोत पहिचान गरी आन्तरिक आय बढाउने तर्फ ध्यान दिनुपर्दछ ।	
	उपभोक्ता समितिमार्फत निर्माण	
२६.	**योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ ।	
२७.	**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा	

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>बीमा गराउनुपर्नेः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>उपभोक्ता समितिः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ घ मा उपभोक्ता समिति (३) मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रा समिति वा लाभग्राहीवधान रहेकोमा गाँउपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन ।साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा (७) टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजलेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td></td><td>सशर्त कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td></td><td>सशर्त चालुतर्फ</td><td></td></tr>
<tr><td>३०.</td><td>अनुगमन प्रतिवेदन नभएकोः कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७६/७७ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत शिक्षा समितिको निणर्याथ तपशिल बमोजिमका छनौट भएका विद्यालयहरुलाई शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा Kits) खरिदका लागि अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले, माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई पुस्तकालय समेत)का लागि अनुदान बापत विद्यालयलाई रु ६५००००.० का दरले प्रदान गर्ने व्यवस्था रहेको छ ।शिक्षा समितिले उक्त अनुदान प्रदान गरेपश्चात शिक्षण सिकाईमा ICT को प्रयोग गरे नगरेको र पुस्तकालय स्थापना तथा व्यवस्थापन सम्बन्धि विद्यालयमा भएको प्रगति बारे अनुगमन प्रतिवेदन पेश गरिनुपर्दछ।
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>श्री वैजनाथ मा.वि. ४</td><td>माध्यमिक विद्यालयमा ICT स्थापना तथा व्यवस्थापन अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>२</td><td>श्री गगुडा आ.वि. ३</td><td>पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>३</td><td>श्री देवीमाण्डौ मा.वि. ६</td><td>माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९५००००.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.</td><td>पाठ्यपुस्तक वितरणः ११७/२०७७-३-२६ कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७६/७७ क्रियाकलाप नं २.४.६.१ को ३.१ बुँदामा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत</td><td></td></tr>
</table>

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी सङख्याको ७५ प्रतिशत सङख्यालाई मात्र अनुदान दिई बाँकि २५ प्रतिशत २०७७ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा एकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । तर गाँउपालिकाले पाठ्यपुस्तक खरिद र वितरण गरेको प्रमाणित विवरण,भर्पाई विना थप २५ प्रतिशतले हुन आउने रु ५७८०७७.० बराबरको पाठ्यपुस्तक अनुदानको लागि थप निकासा भएको प्रमाण पेश गर्नुपर्ने रु	५७८०७७.०
३२.	**भ्रमण अवधिमा स्थानीय भत्ता भुक्तानीः** भ्रमण खर्च नियमावलि,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भंमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठिक भत्ता, तालिम भत्ता, स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ ।कार्यालयबाट विभिन्न समयमा देहाय बमोजिमका कर्मचारीहरुको भ्रमणमा स्थानिय भत्ता नकाटिएको रकम सम्बन्धितबाट असुल गरिनु पर्ने रु	२९००.०

भौ नं मिति	कर्मचारीको नाम	पद	भ्रमण दिन	स्थानिय भत्ता दर प्रति दिन	कट्टि हुनुपर्ने रकम
३९/२०७६-९-०१	बेद जोशि		३	२९३.३	८८०
११३/२०७७-३-२६	सबिता चौधरी	स्टाफ नर्स	११	१८३.६	२०२०.०
जम्मा					२९००.०

- अन्य कर्मचारीको हकमा कार्यालयबाट रकम यकिन गरी असुल गरिनुपर्दछ।

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३३.	**बहाल करः** आयकर ऐन,२०५८ को दफा ८८ अनुसार ढुवानि बापत १० प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयले देहाय बमोजिम विभिन्न प्रयोजनका लागि ढुवानि बापत बहाल कर कट्टी नगरेकोले असुल हुनुपर्ने रु	८७२०.०

क्र.सं.	गो.भौ.नं./मिति	प्रयोजन	सवारि नं	दर * दिन	बहाल कर
१	११०/२०७७-३-२६	कृषि सामाग्रि ढुवानि	से १ त ८३७१	४००००* १ दिन	४०००
२	११२/२०७७-३-२५	कृषि सामाग्रि ढुवानि	ग २ त १२१७	४७२००* १ दिन	४७२०
जम्मा					८७२०.०

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
३४.	**सहजिकरण वापतको भत्ताः** अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ को परिच्छेद ७ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि सेमिनार लगायतका खर्चको मापदण्ड सम्बन्धमा व्यवस्था छ ।उक्त निर्देशिकाले सहजकर्ता भत्ताको व्यवस्था गरेको छैन ।कार्यालयले देहाय कार्यक्रम संचालनमा उल्लेखित व्यवस्था विपरित अनुगमन सहजिकरण वापतको रकम भुक्तानी गरेकोमा नर्म्स विपरीत भुक्तानी भएको भत्ता रकम सम्बन्धितबाट असुल गरिनु पर्ने रु	४१९२०.०

भौ नं मिति	कार्यक्रम	बापत	दिन(मिति)	सहजकर्ता दर	भुक्तानि भएको
१३२/२०७७-३-३१	पुर्ण खोप सुनिश्चितताको लागि अभिमूखिकरण कार्यक्रम	अनुगमन सहजिकरण(१ जना)	५ दिन	१६००	८०००
१३२/२०७७-३-३१	रुबेला खोप सम्बन्धि अभिमूखिकरण	अनुगमन सहजिकरण (१जना)	२.२५ दिन	१६००	३६००

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

१३२/२०७७-३-३१	पुर्ण खोप सुनिश्चितताको लागि अभिमूखिकरण कार्यक्रम	अनुगमन सहजिकरण (२ जना)	७ दिन	१६००	२२४००
१३२/२०७७-३-३१	दादुरा रुबेला खोप अभियान कार्यक्रम	अनुगमन सहजिकरण (१जना)	२.२५ दिन	१७६०	३९६०
जम्मा					४१९२०.०

सशर्त पूँजिगततर्फ

३५. **सडक मर्मत समूहः** गाँउपालिकाले देहाय बमोजिमको सडक मर्मत कार्य स्वरुप श्रमिकले गरेको कामको आधारमा पाउने रकम भुक्तानी गरेको छ।कार्यालयले कुन सडकमा के कति कार्य गर्नुपर्ने सोको लागत अनुमान तयार नगरी तथा सम्पन्न भएको कामको नापजाँचबिना, के कति श्रमिकले कार्य गरेको सो को प्राविधिक मूल्याङकन नराखि रु ८७७५००.० खर्च लेखेको छ । सडक मर्मत समूहको बैंक खातामा जम्मा गरेको सो को प्राविधिक मूल्याङकन तथा डोर हाजिरी र रकम बुझेको भर्पाई राख्नुपर्ने रु — ८७७५००.०

भौ.नं/मिति	खर्च
१०/२०७७-१-२३	२१९३७५.०
११/२०७७-२-६	२१९३७५.०
१२/२०७७-३-२	४३८७५०.०
जम्मा	**८७७५००.०**

३६. **कार्यसम्पन्न नभएकोः** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६/७७ बमोजिम विद्यालय भवन निर्माण कार्य आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी कार्य गराउनु पर्दछ ।गाँउपालिकाले देहायका विद्यालयमा विद्यालय भवन निर्माण स्वरुप रु ६४०००००.० निकासा दिएकोमा निर्देशिका बमोजिम किस्ता कायम गरी भुक्तानी गरेको छैन ।भवन निर्माण तर्फ नापी किताबको आधारमा भुक्तानी दिनुपर्ने, कार्य सम्पन्न पश्चात अन्तिम किस्ता दिनुपर्नेमा कार्य सम्पन्न नहुदै पुरै रकम निकासा दिएको छ । निर्माण सम्पन्न भएपश्चात कार्य सम्पन्नमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको हस्ताक्षर अनिवार्य गर्नुपर्दछ । विद्यालय भवन निर्माण सुधार तर्फको रकममा कन्टिन्जेन्सी कट्टा गर्न नपाउनेमा गाउँपलिकाले ४ प्रतिशत कट्टा गरी राखेको छ ।विद्यालयहरुमा गएको निकासा रकमको कार्यसम्पन्न पेश गर्नुपर्ने रु — ६४०००००.०

भौ.नं/मिति	विद्यालय	निकासा रकम
५/२०७७-२-६	मस्टामाण्डौं आ.वि. ४ कोठे भवन वडा नं ४	३२०००००.०
१५/२०७७-२-१८	देवकन्या आ.वि. २ कोठे भवन	१६०००००.०
३६/२०७७-३-३०	मस्टामाण्डौं आ.वि. २ कोठे भवन वडा नं ६	१६०००००.०
जम्मा		६४०००००.०

३७. **सोझै खरिदः** १९/२०७७-३-११ गाँउपालिकाले सुधारिएको चुल्हो कार्यक्रमबाट ५३१ घर परिवारलाई वितरण गरी नविकरणिय उर्जा कार्यक्रममा रु १८४९८९२.० खर्च गरेको छ ।इन्नोभेटिभ एण्ड सस्टेनेबल टेक्नोलोजि सोलुशन प्रा.लि. संग भएको खरिद कार्य सार्वजनिक खरिद नियमावलि,२०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्रको माध्यमबाट नगरी सोझै खरिद गरेको अनियमित रु — १८४९८९२.०

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>ग्रामिण जलस्रोत विकास परियोजना (RVWRMP)</td><td></td></tr>
<tr><td>३८.</td><td>सम्झौता बमोजिम नगरेको: ग्रामिण जलस्रोत विकास परियोजना र गाँउपालिकाबीच भएको सम्झौतामा उल्लेख भए बमोजिमको प्रतिशतको आधारमा खर्च रकम भुक्तानी गर्नुपर्दछ । योजनामा भएको खर्च रकममा फिनल्याण्ड सरकार,नेपाल सरकार र गाँउपालिका श्रोत तथा उपभोक्ताले व्यहोर्नुपर्ने अंश निर्धारण भएको छ । गाँउपालिकाले देहायको योजनामा भएको खर्चमा उपर्युक्त बमोजिम प्रतिशतको आधारमा नगरी फिन्ल्याण्ड सरकारको श्रोतबाट मात्र रु २१८२७९२.० खर्च गरेको छ।
<table>
<tr><th>भौ.नं/मिति</th><th>योजना</th><th>निकासा रकम</th></tr>
<tr><td>१६/२०७७-२-३२</td><td>ऐरीमुल बुढाखोला खानेपानी तथा सरसफाई योजना</td><td>१००७७९२.०</td></tr>
<tr><td>१७/२०७७-२-३२</td><td>कालीगढी बुढीखोला खा.पा तथा सरसफाई योजना</td><td>११७५०००.०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२१८२७९२.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.</td><td>अग्रिम कर कट्टि नभएको: आयकर ऐन,२०५८ को दफा ८८(१) अनुसार परामर्श सेवा वापत १५ प्रतिशत कर कट्टि गर्नुपर्नेमा कार्यालयले RUDeC नामक गैहसरकारी संस्थालाई बिल बिजक विना रु १८४८९७३.० भुक्तानी गरेकोमा, अग्रिम करकट्टी गरेको छैन।नियमानुसार अग्रिम करकट्टि बापत १५ प्रतिशतले हुने रु २७७३४५.० सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु</td><td>२७७३४५.०</td></tr>
<tr><td></td><td>संघिय सरकार विशेष अनुदान</td><td></td></tr>
<tr><td>४०.</td><td>निर्देशिका विपरितको कार्य: संघिय सरकार विशेष अनुदान निर्देशिका,२०७५ को बुदा नं ८.२ मा स्थानिय तहबाट विस्तृत परियोजना प्रतिवेदन DPR तयार भै सकेका रु ५० लाख भन्दा माथिका योजनाहरु संघिय सरकार विशेष अनुदानको कार्यक्रमबाट गर्न सकिने व्यवस्था छ ।स्वीकृत योजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावलि बमोजिम प्रतिस्पर्धा गराई ठेक्का व्यवस्थापनबाट गर्नुपर्दछ ।गाँउपालिकाले सोकट खानेपानी योजना निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई यस कार्यक्रमबाट रु ७४८७३९५.० खर्च गरेको छ ।सो खानेपानीप योजनाको DPR भए नभएको एकिन हुन आएन । निर्देशिका विपरित ठेक्काको माध्यमबाट कार्य गराउनुपर्नेमा उपभोक्ता समितिबाट कार्य गरेको निर्देशिका विपरित खर्च रु</td><td>७४८७३९५.०</td></tr>
<tr><td>४१.</td><td>स्वास्थ्य सामाग्री खरिद: सार्वजनिक खरिद नियमावलि २०६४ को नियम २५ मा मालसामान आपूर्ति गर्ने बोलपत्रदाताको योग्यताका आधार निर्धारण गर्दा सार्वजनिक निकायले मालसामान आपूर्ति गर्ने आपूर्तिकर्ताको प्राविधिक क्षमता तथा आपूर्ति हुने मालसामानको सुनिश्चितता लगायतका विभिन्न विषयको विचार गर्नुपर्ने व्यवस्था गरेको छ ।गाँउपालिकाले यस संघिय विशेष कार्यक्रमबाट चौरपाटी गाँउपालिकाको पूर्ण संस्थागत सुत्केरी अभियान संचालन कार्यक्रमको लागि रु ३४९४४१२.० को स्वास्थ्य सामाग्री न्यू काल भैरव कन्स्ट्रक्सनसंग सम्झौता गरी खरिद गरेको छ ।निर्माण ठेक्काको अनुभव भएको निर्माण व्यवसायीले स्वास्थ्य सामाग्री खरिद सम्बन्धि प्राविधिक योग्यता के कसरी पुग्यो र खरिद कार्यमा सहभागि हुन पाएको सम्बन्धमा स्पष्ट भएको छैन ।निर्माण व्यवसायि न्यू काल भैरव कन्स्ट्रक्शनले शिरोमणि आधारभुत विद्यालयको निर्माण कार्य गरिरहेको अवस्था छ ।स्वास्थ्य सामाग्री खरिदको कर बिजकमा के के स्वास्थ्य सामाग्री खरिद भएको हो खुलाएको छैन । कर बिजक निर्माण कार्यको जस्तो जारी गरेको कुन कुन सामान कति दर रेटमा खरिद गरेको उल्लेख गरेको छैन ।गाँउपालिकाको पूर्ण संस्थागत सुत्केरी अभियान कसरी संचालन गर्ने सो को कार्य योजना छैन । संघिय विशेष कार्यक्रमको रकम स्वीकृत भएका योजनामा मात्र खर्च गर्न सकिने र ५० लाख भन्दा माथिको लागत अनुमान भएका योजना मात्र संचालन गउन</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सकिनेमा सार्वजनिक खरिद ऐन तथा नियमावलि र संघिय सरकार विशेष अनुदान निर्देशिका २०७५ विपरित भएको अनियमित खर्च रु</td><td>३४९४४१२.०</td></tr>
<tr><td>४२.</td><td>मू.अ.कर कट्टा नगरेकोः आर्थिक ऐन २०७७ बमोजिम सार्वजनिक निकायले ठेक्का वा करारको भुक्तानीमा भुक्तानी गर्दाकै समयमा भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत कट्टा गरीदिनुपर्ने व्यवस्था छ ।गाँउपालिकाले देहाय बमोजिमको भुक्तानीमा ५० प्रतिशत मू.अ.कर कट्टा नगरेकोले मू.अ.कर दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>व.शि.नं</th><th>भौ.नं/मिति</th><th>निर्माण व्यवसायि</th><th>मू.अ.कर रकम</th></tr>
<tr><td>संघिय विशेष</td><td>३३/२०७७-३-२९</td><td>न्यू काल भैरव कन्सट्रक्शन</td><td>३८०४१३.०</td></tr>
<tr><td>संघिय विशेष</td><td>३२/२०७७-३-२९</td><td>न्यू काल भैरव कन्सट्रक्शन</td><td>४०२०१२.०</td></tr>
<tr><td>संघिय समपूरक</td><td>१९६/२०७७-३-२९</td><td>सेविका निर्माण सेवा</td><td>२९२४०६.०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१०७४८३१.०</td></tr>
</table></td><td>१०७४८३१.०</td></tr>
<tr><td>४३.</td><td>पेश्की व्यवस्थापनः गाँउपालिकाले कुनै पनि कार्यको लागि पेश्की दिदा स्वीकृत कार्यक्रमको नर्म्स बमोजिमको कार्य योजना स्वीकृत गराई तोकिए बमोजिमको रकम मात्र पेश्की दिनुपर्दछ ।पेश्की फछ्यौर्ट गर्दा तोकिएको कार्य बमोजिम समयमानै कार्य भए नभएको एकिन गरी पेश्की फछ्यौर्ट गर्नुपर्दछ । गाँउपालिकाले देहाय बमोजिमको रु १९९६२०८.० को पेश्की दिएको र फछ्यौर्ट गरेकोमा के कार्यको लागि पेश्को दिएको हो सो कार्य भए नभएको श्रेस्ता कागजात बेगर पेश्की दिने र फछ्यौर्ट गरेको रु
<table>
<tr><th>भौ.नं/मिति (पे.फ)</th><th>पेश्की रकम</th></tr>
<tr><td>४२/२०७७-३-३०</td><td>९९८१०४</td></tr>
<tr><td>४३/२०७७-३-३०</td><td>९९८१०४</td></tr>
<tr><td>जम्मा</td><td>१९९६२०८.०</td></tr>
</table></td><td>१९९६२०८.०</td></tr>
<tr><td></td><td>संघिय समपूरक</td><td></td></tr>
<tr><td>४४.</td><td>श्रोत बमोजिम खर्च नभएकोः समपूरक खर्च निर्देशिका बमोजिम संघिय समपूरक श्रोतबाट व्यहोर्ने योजनाहरुको खर्चमा संघिय सरकार समपूरकबाट ५० प्रतिशत र गाँउपालिका श्रोतबाट ५० प्रतिशत खर्च व्यहोर्नु पर्दछ ।गाँउपालिकाले यस कार्यक्रमबाट रु ९५६६६८३.० खर्च गरेकोमा गाँउपालिकाको श्रोतबाट नव्यहोर्ने संघिय सरकार समपूरक कोषबाट मात्र खर्च व्यहोरेको छ । निर्देशिका बमोजिम गाँउपालिकाको श्रोतबाट समेत ५० प्रतिशत खर्च व्यहोर्नुपर्दछ।
<table>
<tr><th>भौ.नं/मिति</th><th>योजना</th><th>सम्झौता अंक</th><th>खर्च रकम</th></tr>
<tr><td>१९६/२०७७-३-२९</td><td>कृति खाम देखि चौरपाटी सम्म सडक स्तरोन्नति</td><td>७९६७३३१.०</td><td>२५४१६८३.० पेश्की ८७४०००.०</td></tr>
<tr><td>९५/२०७७-३-०७</td><td>सान्तिकोट मन्दिर निर्माण</td><td>६५०२९१२.०</td><td>११५१०००.०(पेश्की)</td></tr>
<tr><td>१९८/२०७७-३-२९</td><td>गाउपालिकाको भवन</td><td>३२७४२१४१.०</td><td>५००००००.०(पेश्की)</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९५६६६८३.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५.</td><td>DPR को प्रतिवेदन नभएकोः १९९/२०७७-३-२९ गाँउपालिकाले सान्नीकोट मन्दिरको DPR गरेको भनि रु ४८१५१५.० भुक्तानी गरेकोमा सो को सक्कल बिजक तथा मन्दिरको विस्तृत परियोजना प्रतिवेदन</td><td></td></tr>
</table>

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	प्राप्त भएको छैन । सान्नीकोट मन्दिर निर्माण कार्य शुरु भईरहेको अवस्थामा मन्दिरको **DPR** गर्नको लागि रकम प्रदान गर्नु नियम संगत नभएको रु	४८१५१५.०
	प्रदेश सरकार समपूरक	
४६.	**श्रोतगत खर्च नव्यहोरेकोः** गाँउपालिकाले प्रदेश सरकार समपूरक शिर्षकबाट श्र १०८७४४०२.० खर्च गरेको छ । सो कार्यक्रमबाट संचालित योजनामा गाँउपालिकाको श्रोतबाट ५० प्रतिशत र प्रदेश सरकार समपूरकबाट ५० प्रतिशत खर्च व्यहोर्नुपर्नेमा सबै खर्च प्रदेश सरकार समपूरकबाट व्यहोरेको छ ।निर्देशिका बमोजिम दुवै श्रोतबाट ५०/५० प्रतिशतका दरले खर्च व्यहोर्नुपर्दछ ।	
	स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम	
४७.	**दोहोरो कार्यः** गाँउपालिकाले कोकिलेगडा सेलघरा ग्रामिण सडक उपभोक्ता समिति मार्फत वडा नं ५ मा रु १४४००००.० मा गर्ने गरी मिति २०७६-११-६ मा सम्झौता गरेको छ । भौ नं ४/२०७७-३-१८ मा सो सडक कार्य सम्पन्न गरी भुक्तानी भईसकेको अवस्थामा पुनः सोही सडक सोही उपभोक्ता समिति मार्फत उही कार्य सोही वडा नं ५ मा गरेको देखाई भौ नं ११ मिति २०७७-३-२८ मा रु ११६००००.० भुक्तानी भएको छ । पछिल्लो भुक्तानी सम्झौता तथा दुवै कार्यको लागत अनुमान पेश भएको छैन । मिति २०७६-११-६ मा उपभोक्ता समिति मार्फत भईसकेको कार्यमा पुनः दोहोरो भुक्तानी भए/नभएको सम्बन्धमा यकिन गरी, दोहोरो भुक्तानी भएको खण्डमा सम्बन्धितबाट असुल गर्नुपर्ने रु	११६००००.०
४८.	**बढी भुक्तानीः** गाँउपालिकाले सिउँडी मा.वि.को छात्रावास निर्माण तर्फ डि.आर. निर्माण सेवासंग रु ३५८१९५६.०मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७-१-३१ मा सम्झौता गरी कार्य गरेको छ ।निर्माण व्यवसायिको अन्तिम बिल बमोजिमको रकम रु २६५५६१८.० भुक्तानी गर्नुपर्नेमा रु २८०९०००.० भुक्तानी भएकोमा रु ४७५००.० अग्रिम कर रकम मिति २०७७-४-२१ मा दाखिला भएको कारण सो कट्टा गरी बाँकी रु १०५८८१.० बढी भुक्तानी हुन गएको रकम असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु	१०५८८१.०
४८.१	सोही निर्माण व्यवसायिको उक्त भुक्तानीमा पूँजिगत धरौटी कट्टा नगरेकोले धरौटी रकम रु १५८२९१.० असुल गरी जम्मा गर्नुपर्ने रु	१५८२९१.०
४९.	**निर्माण कार्यको बिल नभएकोः** गाँउपालिकाले डुँग्री आ.वि.को भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको छ ।भौ नं १०/२०७७-३-२८ मा रु १२२७०००.० उपभोक्ता समितिलाई भुक्तानी भएकोमा के कति निर्माण कार्य भएको हो सो को नापी किताब तथा निर्माण बिल संलग्न छैन। बिल तथा नापी किताब पेश नभएको कारण कार्य नभएको अवस्थामा भएको भुक्तानी सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु	१२२७०००.०
५०.	**कन्टिन्जेन्सी खर्चः** १२/२०७७-३-२८ गाँउपालिकाले कोकिलेगडा सेलधरा ग्रामिण सडक निर्माण कार्यको पूर्व सर्भे कार्य गरेको भनि ई.लोकेन्द्र बहादुर रावललाई रु ११९०००.० र अ.सव ईन्जिनियर सुभाष ब.कामीलाई रु १०००००.० गरी रु २१९०००.० भुक्तानी दिएको छ । योजना संचालन भईसकेको अवस्थामा सर्भे गर्नुको कारण नखुलेको,सो सर्भे गरेको कागजात समेत कुनै प्र.प्र नभएको,योजना सर्भे गर्नुपर्ने आवश्यकता पनि नखुलेको र आ.व. अन्तमा केवल कन्टिन्जेन्सीबाट खर्च भुक्तानी भएकोले कार्य नभएको अवस्थामा भएको भुक्तानी असुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु	२१९०००.०
	प्रदेश सरकारबाट हस्तान्तरित	

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>५१.</td><td>ब्यवस्थापन खर्चः सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्धीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । नियम ९७(८)मा सार्वजनिक निकायले सम्बन्धित उपभोक्ता समितिलाई प्राविधिक सहयोग गराउन नसक्ने भएमा सो कार्यको लागि आबस्यक जनशक्ती उपभोक्ता समिति आफैले करारमा नियुक्त गर्न सक्ने र सोको पारीश्रमिक वापत लगात अनुमानको ३ प्रतिशतमा नवढ्नेगरी कन्टीजेन्सी रकम वाट भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ ।यस गाउँपालिकाका देहायका उपभोक्ताको योजनाहरुमा कन्टीजेन्सीको अतिरिक्त व्यवस्थापन खर्च भनी मुल्यांकनमा जोडी भुक्तानी दिने गरेको र उपभोक्ताले विभिन्न होटलहरुको खाजा नास्ताको विल पेश गरी भुक्तानी लिएको देखियो ।यसरी नियममा नभएको शिर्षकमा रकम समावेश गरी भुक्तानी गर्न र असम्बन्धित खर्चको विल राखि भुक्तानी लिएको देखिन्छ ।नियमानुसार भुक्तानी दिन नमिल्ने ब्यवस्थापन खर्च सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं. र मिति</th><th>योजनाको नाम</th><th>भुक्तान रकम</th><th>ब्यवस्थापन खर्च रकम</th></tr>
<tr><td>८/२०७७/३/२८</td><td>कमलवाडा भट्कीरा खाली मालवेला सडक निर्माण</td><td>४८११५२०.०</td><td>५००००.०</td></tr>
<tr><td>९/२०७७/३/२९</td><td>छतरा आ.वि घेरा पर्खाल निर्माण</td><td>७६९९००.०</td><td>१६०००.०</td></tr>
<tr><td>१०/२०७७/३/२९</td><td>सैनिरोलदेखी विमढुँगा खानेपानी योजना</td><td>२६८८०००.०</td><td>५६०००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२२०००.०</td></tr>
</table></td><td>१२२०००.०</td></tr>
<tr><td>५२.</td><td>सैनिरोलदेखि बिमढुँगा खानेपानी योजनाः १०/२०७७/३/२९, कार्यालयले सैनिरोलदेखि बिमढुँगा खानेपानी योजना निर्माण बापत उपभोक्ता समितिलाई रु २६८८०००.० भुक्तानी गरेको छ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्।</td><td></td></tr>
<tr><td>५२.१.</td><td>कार्यालयले उपभोक्तालाई ढुवानी बापत एकमुष्ठ रुपमा रु २१००००.० भुक्तानी गरेको छ।संलग्न फाँटवारी अनुसार उक्त ढुवानी के कति प्रयोजनको लागी नखुलेको साथै उपभोक्ताले ढुवानी सम्बन्धि बिल/बिजक समेत पेश नगरेकोले, ढुवानी बापत एकमुष्ठ भुक्तानी भएको नियमसम्मत नदेखिएको रु</td><td>२१००००.०</td></tr>
<tr><td>५२.२.</td><td>कार्यसम्पन्न अनुसार उपभोक्ताले ४९९८ मी मात्र पाईप जडानको कार्य गरेको छ भने, पाईप जडानको लागी Excavation को कार्य ५५५४ मि लम्बाई, ०.४४ मि चौढाई र ०.८ मि उचाई बराबर र सोही बराबर Backfilling को कार्य नापी भएको छ।पाईप जडानको कार्य घटी भएको अवस्थामा, Excavation र Backfilling को कार्य बढी भुक्तानी गर्नुपर्ने कारण पुष्टि नभएकोले १९५.७१ घ.मि Excavation र Backfilling बढी कार्य प्रमाणित भएको छ।बढी कार्य प्रमाणित गरी भुक्तानी भएको रु १३७०२६.२ सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु</td><td>१३७०२६.०</td></tr>
<tr><td>५३.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक</td><td></td></tr>
</table>

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरेको छैन ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १,२,३,४,५,६ र ७ वडाका ३२५ जनालाई रोजगारी उपलव्ध गराई रु.१९३५२५०.० खर्च गरेको छ ।लक्षित वर्गलाई १० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन।	
	गाउँपालिका पूँजिगततर्फ	
५४.	**बजेट खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन,२०७६को दफा ४अनुसार स्थानीय (१) तहले आफ्नो निकायको लागि प्राप्त सवै रकमको आम्दानी तथा खर्चकोयथार्थ विवरण तयार गरी पेश गर्नु पर्ने व्यवस्था गरेको छ।यस गाउंपालसकाले वित्तीय समानीकरण अनुदान (गाउंपालिका पूंजिगत) ,तर्फ जम्मा रु १२६५,३९,९०५।- खर्च गरेको विवरण पेश गरेको छ ।सो सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् ।	
५४.१.	**खर्च यकिन नभएकोः** गाउंपालिकाले पेश गरेको खर्चको वैंक नगदि किताव अनुसार प्रतेक महिना भएको खर्चको आधारमा निम्नानुसार रु १४,२७,३३,३९९।– कुल खर्च भएको देखिन्छ ।उक्त वैंक नगदि कितावमा जम्मा रु १२,६५,३९,९०५।– मात्र खर्च भएको उल्लेख गरेको देखिएकोले रु १,६१,९३,४९४।– बढी खर्च लेखेको देखिन्छ ।खर्च सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।	

खर्च गरेको महिना	महिनाको जम्मा खर्च	कैफियत
आश्वीन	४६९९८६३	श्रावण र भाद्रमा खर्च नभएको
पौष	१०१३१९८०	कार्तिक र मंशिरमा खर्च नभएको
माघ	८६४०००	
फाल्गुण	७३९७१४८	
चैत्र	४५३४४०८	
वैशाख	२११२००	
जेष्ठ	४००४६००	
आषाढ	११०८९०२००	
जम्माः	१४,२७,३३,३९९।—	

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
५४.२.	उपरोक्त वमोजिम भएको खर्च विश्लेषण गर्दा एक वटा शिर्षक तर्फ २०७७ आषाढमा मात्र ११ करोड ८ लाख ९० हजार खर्च लेखेको सो भुक्तानीको लागि आषाडमा मात्र २१८ चेक भुक्तानी भएको मध्ये आषाड ३१ मा मात्र १५० वटा रहेको देखिन्छ ।यसरी एक शिर्षक वाट मात्र १ दिनमा १५० वटा भुक्तानी गरेको देखाईएकोले सो भुक्तानी स्वभाविक नदेखिंदा आषाड ३१ उल्लेख गरी आषाड मसान्त पश्चात भुक्तानी खर्च लेखेको स्पष्ट हुन्छ ।तसर्थ गाउंपालिकाको खर्चको अवस्था र वित्तीय विवरण उपर विश्वस्थ हुने आधार देखिएन ।	

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
५५.	**ब्यवस्थापन खर्चः** ४०।०७६।११।२८ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्धीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । नियम ९७(८)मा सार्वजनिक निकायले सम्बन्धित उपभोक्ता समितिलाई प्राविधिक सहयोग गराउन नसक्ने भएमा सो कार्यको लागि आबस्यक जनशक्ती उपभोक्ता समिति आफैले करारमा नियुक्त गर्न सक्ने र सोको पारीश्रमिक वापत लगात अनुमानको ३ प्रतिशतमा नवढ्नेगरी कन्टीजेन्सी रकम वाट भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ ।यस गाउंपालिकाले निम्नानुसार उपभोक्ताको भुक्तानीमा कन्टीजेन्सीको अतिरिक्त व्यवस्थापन खर्च भनी मुल्यांकनमा जोडी भुक्तानी गरेको देखियो ।यसरी नियममा नभएको शिर्षकमा समावेश गरी भुक्तानी गर्न र असम्बन्धित खर्चको विल राखि भुक्तानी लिएको देखिन्छ ।नियमानुसार भुक्तानी दिन नमिल्ने ब्यवस्थापन खर्च देहायअनुसार असुल हुनु पर्ने देखिएको रु	४२००००.०

गो भौ नं. र मिति	योजनाको नाम	कुल भुक्तानी गरेको रकम	ब्यवस्थापन खर्च रकम
११।०७६।८।२०	झाडबजार देखि दर्नी सडक	१३९६५७५	५०००
१२।०७६।८।२०	कृतिखाम लुग्रा चौरपाटि सडक स्तरोन्नती	१८४५१९१	२००००
१४।०७६।८।२०	डांडा सुगाठा ठांडि काट्य भद्रतोला सडक	८०७५३८	२००००
२०।०७६।९।८	मदने खा पा यो	२२०८०००	४७०००
३३।०७६।११।५	मटेना खापा योजना	६३५०००	८०००
११७।०७७।३।२२	रन्यखाली सिन्नौला सडक मर्मत	९६००००	२००००
२८३।०७७।३।३१	कालीगढी बुढीखोला खा पा योजना	५४७८८९६	१०००००
२८४।०७७।३।३१	एरीमुल बुढाखोला खा पा योजना	५९०३८९६	१०००००
२८५।०७७।३।३१	डाँडासंगाडा ठाडि काट्टे भडतोला पायल सडक	३९४७०००	७००००
२८६।०७७।३।३१	बल्लवान्ने मुल्ली पर मुल्ली खा पा योजना	४८००००	१००००
१५१।०७७।३।२९	वडा नं ५ सिंचाई पोखरी	७६८०००	८०००
२८७।०७७।३।३१	सिमखेत चिन्नापानी सिचाई योजना	६८१६००	१२०००
जम्मा			४,२०,०००।–

उपरोक्त वमोजिमको योजनाको अतिरक्त अन्य योजनाहरुमा समेत व्यवस्थापन खर्च थप गरी दिएको देखिएकोले सो समेत यकिन गरी असुल भएको प्रमाण पेश हुनु पर्दछ।

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
५६.	**धरौटी कट्टा नगरेकोः**२१९।०७७।३।२१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(४)मा सार्बजनिक निकायले संझौतामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीको प्रत्येक रनिङ विलवाट बिल वा बिजकमा उल्लेखित रकमको ५ प्रतिशत रिटेन्सन वापतको रकम कट्टा गर्नु पर्ने व्यवस्था गरेको छ।गाउंपालिकाले विभिन्न निर्माण कार्यको भुक्तानीमा निम्न निर्माण ब्यवसायी संग भएको संझौता बमोजिम ५ प्रतिशत धरौटी कट्टा नगरी भुक्तानी दिएको देखिएकोले रु १८४४२२.० ।- धरौटी कट्टा गर्नुपर्दछ।	

गो भौ नं. र मिति	योजनाको नाम	निर्माण व्यवसायी	भुक्तानी गरेको रकम	कट्टा गर्नु पर्ने धरौटी रकम

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

१६१।०७७।३।३०	वास खान्या खा पा	युवराज नि. सेवा	१९०२५८२	८४१८५
२६२।०७७।३।३१	कृतिखाम लुंग्रा जोरपाटी सडक	बिशाल कन्स्ट्रक्सन	१३३५३६८	५९०८७
१७७।०७७।३।३१	घिमी गाउं पटकानी निर्माण कार्य	युवराज नि. सेवा	४५७७२५	२०२५३
१८३।०७७।३।३१	लुगाडा रिखिचडा सेती सडक	थापा निर्माण सेवा	४७२२९३	२०८९७
जम्मा				१८४४२२

उपरोक्त वमोजिमको योजनाको अतिरिक्त अन्य योजनाहरुको निर्माण व्यवसायीलाई समेत धरौटी कट्टा नगरी भुक्तानी दिएको देखिएकोले सो समेत यकिन गरी कट्टा भएको प्रमाण पेश हुनु पर्दछ ।

५७. **दया पिपलतोला मा वि भवन निर्माणः** १५२।०७७।३।३० गाउंपालिकाले यस मा वि भवन निर्माण कार्यको लागि मु अ कर समेत रु ८३,८०,६५३।५२को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थाको लागि बोलपत्र आह्वान गरे बमोविम विभिन्न ६ जनाले बोलपत्र फारम लिएकोमा ३ वटा दर्ता भएको मध्ये निम्नानुसार कबोल गरेको अंक मध्ये सवै भन्दा घटी अर्थात २४.३२ प्रतिशत घटि कबोल गर्ने ए एण्ड बि कन्स्ट्रक्सनको कबोल अंक ६३,४२,७४०।३४ को बोलपत्र स्वीकृत गरी ठेक्का संझौताको लागि जानकारी पत्र लेखेको देखियो ।

कार्यालयको लागत अनुमान मु अ कर समेत	ए एण्ड बि कन्स्ट्रक्सनको कबोल अंक मु अ कर समेत	सेविका कन्स्ट्रकसन एण्ड ई कन्स्ल्टेन्टको कबोल अंक मु अ कर समेत	सिद्द गणेश निर्माण सेवाको कबोल अंक मु अ कर समेत
८३८०६५३.५३	६३४२७४०.३४	८३७९२९४.०८	८४०९५३९.४७
घटी प्रतिशत	**(२४.३२)**	**(०.०२)**	**०.३४**

उपरोक्त बमोझिम खरिद प्रकृया सम्वन्धमा देखिएको अन्य व्होरा निम्न छन्।

५७.१. **संझौता नगरेकोः** गाउंपालिकाले उपरोक्त बमोजिम सवै भन्दा घटी कबोल गर्ने निर्माण व्यवसायीको बोलपत्र स्वीकृत भएको भए पनि संझौता गर्न नआएको कारण देखाई निजको नाममा रहेको २धरौटी ५.,रु २१९,०००।- जफत गरी दोश्रो घटीवाला अर्थात ०प्रतिशत घटी कवोल गर्ने सेवीका ०२.,कन्स्ट्रकसन एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सीको कबोल अंक रु ८३७९,२९४।०८ को बोल पत्र स्वीकृत गरी २०७७।८।२५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७६।९।२१ मा संझौताभए बमोजिम यो बर्ष प्रथम रनिङ विलको रु २६९३२५८।९० भुक्तानी भएको देखियो।

५७.२. **कारवाही नभएकोः**सार्बजनिक खरिद ऐन २०६३को दफा ६३ख अनुसार बोलपत्र दाता वा (१) प्रस्तावदाताको वोलपत्र वा प्रस्ताव स्वीकृत भए पश्चात संजौता गर्न नआएमा सार्वजनिक खरिदअनुगमन बर्षसम्म कालो सूचिमा राख्न सक्ने व्यवस्था गरेको छ ।साथै सार्वजनिक कार्यालयले एक बर्ष देखि तीन खरिद नियमावली २०६४ को नियम १४१बमोजिम अनुसार सार्वजनिक निकायले ऐनको दफा ६३ (१) कुनै वोलपत्रदाता प्रस्तावदाता परामर्शदाता सेवा प्रदायक आपूर्तिकर्ता निर्माण व्यवसायी वा अन्य व्यक्ती वा कम्पनीलाई कालो सूचिमा राख्नु परेमा त्यस सम्वन्धी विस्तृत र कारण खुलाई सम् फर्म संस्थाबन्ध कागजात सहित सार्बजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउनु पर्ने व्यवस्था गरेको छ ।उपरोक्त वमोजिम निर्माण व्यवसायीहरुवीच एक आपसमा मिलोमतो गरी ठेक्का संझौता गर्न नआएको स्पष्ट देखिन्छ ।यस्तो अवस्थामा ऐन तथा नियमको उक्त व्यवस्था अनुसार निर्माण व्यवसायीलाई कालो सूचिमा राख्ने

दफा नं	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	लगायतको आवस्यक कार्वाही गर्ने गराउने तर्फ पहल गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई आवस्यक प्रमाण सहित लेखि पठाउनु पर्नेमा सो बमोजिम नगरी निर्माण व्यवसायीलाई सहुलियत पुग्ने गरी रु २,१९,०००।—धरौटी जफत गरी उन्मुक्ती दिनु नियम सम्मत देखिएन ।तसर्थ सो सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।	
५७.३.	**थप व्यहभार पारेकोः** उपरोक्त बमोजिम सवै भन्दा घटी कबोल गर्ने निर्माण व्यवसायीको कबोल अंक र दोश्रो घटीवालाको फरक रु २०३६५५३।७५रहेको देखियो ।बोलपत्र स्वीकृत पश्चात गाउंपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम आवस्यक कारवाही नगरी केवल धरौटीमात्र जफत गरी दोश्रोलाई लागत अनुमान वरावरको कोल अंकमा संझौता गर्दा जफत भएको धरौटी वाहेक रु १८१७५५३।७५ले थप ब्यहभार पर्न गएको छ।	
५८.	**मु.अ.कर समायोजनः** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्र्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। गाउंपालिकाले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयं कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी उपरोक्त बमोजिमको भुक्तानीमा आपूर्तकलाई शतप्रतिशत भुक्तानी दिएको देखिएकोले भुक्तानी भएको निम्नानुसार मु अ कर रु ६४,३४,३००।– सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु.	६४३४३००.०

गो.भौ.र मिति	आपूर्तकको नाम	भुक्तानी रकम	भुकतानी भएको मु अ कर रकम
११।०७६।८।२०	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९) स क	१३९१५७५.६८	१६००९२.००
१२।०७६।८।२०	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९) स क	१८५००००.००	२१२८३१.८५
१३।०७६।८।२०	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९) स क	४५६२२२.७५	५२५५५.८६
१४।०७६।८।२०	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९) स क	७९९५३८.१४	९१९८२.२६
१६।०७६।८।२०	नेपाल ईन्फ्रास्ट्रक्चर डे ईप्रा (६०६५५७७११)	३१५९४८०.००	३६३४८०.००
४०।०७६।११।७	नेपाल ईन्फ्रास्ट्रक्चर डे ईप्रा (६०६५५७७११)	२६७१७७६.००	३०७३७२.४६
१५२।०७७।३।३०	सेविका कन्स्ट्रक्सन(६०६६२४४६२)	२६९३२५८.००	३०९८४३.८४

१५५।०७७।३।३०	युवराज निर्माण सेवा(३०३०७५९२७	५५४३७३२.००	६३७७७४.४७
१५६।०७७।३।३०	शर्मा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी(६०५९४२१५६)	१८५०७१४.००	२१२९१४.००
१६१।०७७।३।३०	युवराज निर्माण सेवा(३०३०७५९२७	१७१८९१५.००	१९७७५१.२८
१६२।०७७।३।३०	एम एम डि कन्स्ट्रक्सन(६०९०४०८१४)	१५३६१५४.००	१७६७२५.६८
१६५।०७७।३।३०	सन्देश ट्रेडर्स(३००६३२१९२)	१०१७३६०.००	११७०४१.४१
१६७।०७७।३।३१	सन्देश ट्रेडर्स(३००६३२१९२)	११००७६६.००	१२६६३६.७९
१६९।०७७।३।३१	मुंग्रा खप्तड पर्यटकीय सडक	८०७७०८.१८	९२९२२.१८
१७१।०७७।३।३१	सन्देश ट्रेडर्स(३००६३२१९२)	१४५२७०१.००	१६७१३४.७५
१७३।०७७।३।३१	डि आर निर्माण सेवा	४७३२३३.००	५४४४२.७४
१७५।०७७।३।३१	न्यू चिरञ्जिवि निर्माण सेवा	४७६५०४.००	५४८१९.०५
१७७।०७७।३।३१	युवराज निर्माण सेवा(३०३०७५९२७)	४५७७२५.००	५२६५८.६२
१८३।०७७।३।३१	थापा निर्माण सेवा(३०२१०६२५७)	४७२२९३.००	५४३३४.५९
२६०।०७७।३।३१	सैपाल ई कन्सल्ट एण्ड नेपाल प्रा लि(६०३३४५२८३)	१४६१८६९.७०	१६८१७९.७०
२६१।०७७।३।३१	नेक्स्ट कन्सल्ट प्रा लि(६०३३४५२८३)	१९३९०४५	२२३०७५.९०
२६२।०७७।३।३१	बिशाल कन्स्ट्रक्सन(३०१५०८१८८)	१३३५३६८.००	१५३६२६.४०
२६३।०७७।३।३१	अछाम ई. क.एण्ड ई प्रा लि (६०६७४६१३९)	१३३२१००	१५३२५०.५०
२६८।०७७।३।३१	नेपाल ईन्फ्रास्ट्रक्चर डे ईप्रा (६०६५५७७११)	९७६९९७.००	११२३९७.८८
२७२।०७७।३।३१	नेपाल ईन्फ्रास्ट्रक्चर डे ईप्रा (६०६५५७७११)	४८४७७०.००	५५७७०.००
२७६।०७७।३।३१	नेपाल ईन्फ्रास्ट्रक्चर डे ईप्रा (६०६५५७७११)	३४९८४२६.००	४०२४७३.७८
२७९।०७७।३।३१	सांग्रिला ईन्फोटेक	४९८३३०.००	५७३३०.००
२८३।०७७।३।३१	जगदम्वा हार्डवेयर (३००७९२५९५)	५४७८८९६.००	६३०३१५.४६
२८४।०७७।३।३१	जगदम्वा हार्डवेयर (३००७९२५९५)	५९०३८९६.००	६७९२०९.२७

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

२८५।०७७।३।३१	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९) स क	३०८५६०८.००	३५४९८१.४५
जम्मा			**६४३४३००.०७**

उपरोक्त वमोजिमको मु अ कर समायोजन अन्य भुक्तानीहरुमा समेत ५० प्रतिशत कट्टा गरेको नदेखिएकोले अन्य आपूर्तिकर्ता तथा निर्माण व्यवसायीले भुक्तानी लिएको हकमा समेत यकिन गरी मु अ कर समायोजन भएको प्रमाण पेश हुनु पर्दछ ।

५९. **परामर्श खर्चः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ७२ मा ऐनको दफा ६(क) बमोजिमको मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताब माग गरी प्राप्त प्रस्ताबहरुको गुणस्तर र लागत बिधि अनुसार छनोट गर्नु पर्ने ब्यवस्था गरेको छ ।यस गाउंपालिकाले यो वर्ष विभिन्न परामर्शदताहरुबाट निम्नानुसार परामर्श सेवा लिएको छ ।

गो भौ र मिति	परामर्शदाता	योजनाको नाम	लागत अनुमान मु अ कर समेत	संझौता रकम मु अ कर समेत	भुक्तानी रकम मु अ कर समेत
१५६।०७७।३।२६	शर्मा ई. कन्सल्टेन्सी प्रा लि	गा पा भवन निर्माणको डि पि आर	१८५०७१४	१८५०७१४	१८५०७१४
२६३।०७७।३।३१	अछाम ई. क.एण्ड ई प्रा लि १३।५५	कृतिखाम लुंग्रा चौरपाटी १४ किमी सडक डि पि आर	१४१६३६६	१३४०७००	१३३२१००
२६०।०७७।३।३१	सैपाल ई. क.एण्ड ई प्रा लि १४.८७	छाउकुटी चौरपाटी १५ कि मी सडक	१५३७५३५	१४७४६५०	१४६१८७०
२६१।०७७।३।३१	नेक्स्ट कन्स्ल्ट प्रा लि	डांडा सुंगाडा भुड्ताला, ,	१९८१३९२	७०५६१७	७०५६१७
२६१।०७७।३।३१	नेक्स्ट कन्स्ल्ट प्रा लि	चित्रेपायल चौरपाटी ग्रा स		११३६१०४	११३६१०४
२६१।०७७।३।३१	नेक्स्ट कन्स्ल्ट प्रा लि	खेताली गाउं बैजनाथ मा वि ग्रा स		६५१११	६५१११
जम्मा					**६५५१५१६**

उपरोक्त वमोजिमको परामर्श खर्च सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् ।

५९.१. **प्रतिवेदन पेश नगरेकोः** उपरोक्त बमोजिम कृतिखाम लुंग्रा चौरपाटी १४ किमी र छाउकुटी चौरपाटी १५ कि मी सडक डि पि आर गर्ने गरी संझौता भएकोमा क्रमश १३. कि र १४.८७ ५५.मीमात्र डि पि . आर भएको विल पेश गरेको आधारमाभुक्तानी गरेको देखियो ।संझौता अनुसारको कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरी सोको गुणस्तर परीक्षण गरी संझौता अनुसारको कार्य सम्पन्न भएमा पुरा रकम भुक्तानी गर्नु पर्नेमा लेखापरीक्षण अबधिमा सो प्रतिवेदन पेश नभएकोले सोको यथार्थता यकिन गर्न सकिएन ।

५९.२. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ वमोजिम सार्वजनिक निकायले खरिद गर्दा मितव्ययी र प्रतिस्पर्धी रुपमा खरिद हुनुपर्दछ । सो खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद कार्य तथा परामर्श सेवा लिन नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको सोझै खरिद

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कार्य गराउन नहुने उल्लेख छ । खरिद गर्नु पूर्व वार्षिक खरिद आवश्यकता पहिचान गरी खरिद योजना वनाई सोही वमोजिम उपयुक्त खरिद विधि छनौट गरी प्रतिस्पर्धा सिमित नहुने गरी खरिद कार्य गराउनु पर्नेमा गाउंपालिकाले उक्त परामर्श सेवा खरिदमा २० लाख भन्दा घटी गराई प्रतिष्पर्धा वेगर ५ वटा ग्रामिण सडकको डि पि आर वापत ३ परामर्शदातालाई रु ४७००८०२.० भुक्तानी गरेको छ।	
५९.३.	उपरोक्त वमाजिम गा पा भवन निर्माणको डि पि आर गर्ने कार्यको लागि शर्मा ईकन्सल्टेन्सी प्रा लि . सम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नु पर्ने गरी संग भएको संझौता अनुसार २०७६।१२।१५ २०७६।१०।१५मा संझौता भएकोमा लेखापरीक्षण अवधिमा सोको कार्य सम्पन्न र डि पि आर प्रतिवेदन पेशगाउँेको र सोको म्याद थप समेत भएको नदेखिएकोमा सोको भुक्तानी २०७७।३।३१मा भएको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४को नियम १२१ अनुसार कार्य सम्पन्न गर्नु पर्ने संझौता अनुसारको म्याद भन्दा पछिको पूर्वनिर्धारित क्षतिपूर्ति वापतको रकम यकिन गरी असुल गर्नुपर्दछ भने सो फर्मलाई नियमानुसार कालोसूचिमा राख्न सिफारिस गरिनुपर्दछ।	
६०.	**विद्युत सामाग्री खरिदः**१६।०७६।९।७ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्दीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ।जस अनुसार उपभोक्ता समितिलाई जनश्रमदान समावेश हुने निर्माण कामको लागि संझौता गरी कार्य अनुमति दिनु पर्ने देखिन्छ । निर्माण सामाग्री खरिदको कार्य उपभोक्ता मार्फत गराउन मिल्ने आधार देखिंदैन । विभन्न वडाहरुको लागि विधुत सामाग्री खरिद वापत उपभोक्तालेखरिदको विल पेश गरेको आधारमा निम्नानुसार रु ९४,९६,३८२।— भुक्तानी खर्च लेखेको देखियो ।सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् ।	

गो भौ र मिति	योजाको नाम	भुक्तानी रकम	कैफियत
१६ ।०७६।९।७	विधुत विस्तार वडा नं २,३,७	३३२६१८०	सक्कल विल नभएको
४० ।०७६।११।७	विधुत विस्तार वडा नं ५	२६७१७७६	जडान तथा मुल्यांकनको प्राविधिक विल पेश नभएको
२७६।०७७।३।१८	विधुत विस्तार वडा नं १ देखि ७ वडाहरु	३४९८४२६	जडान तथा मुल्यांकनको प्राविधिक विल पेश नभएको
	जम्माः	९४,९६,३८२।—	

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६०.१.	**लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ११ अनुसार मालसामानको लागत अनुमान तयार गर्दा नियम ९मा उल्लेखित कुराहरु र स्पेशिकेशनको अधिनमा रहि सम्बन्धित सार्वजनिक निकाय तथा अन्य सार्वजनिक निकायले चालु तथा अघिल्ला वर्ष हरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक दर, स्थानीय बजारको प्रचलित दरभाउ अन्य वजारको प्रचलित दरभाउ, तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतको विचार गरी लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ।गाउंपालिकाले नियममा उल्लेखित कुराहरुको आधार नलिई आपुतिकर्ताले पेश गरेको दरको आधारमा लागत अनुमान तयार गरी सोही बमोजिम खुला कोटेशनको माध्यम वाट खरिद गरेको आधारमा भुक्तानी गरेको छ। जसवाट प्रयास प्रतिष्पर्धा नगराई खरिद कार्य गराउंदा बढी दरमा भुक्तानी हुन गई राज्यलाई थप व्यहभार पर्ने हुंदा सो सम्वन्धमा गाउंपालिकाको ध्यानकर्षण हुनु पर्ने देखियो ।	

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६१.	**नाँपजाँच यथार्थ नभएको**ः १५३।०७७।३।३० सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३(ख) बमोजिम निर्माण कार्यको प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिलको भुक्तानी गर्नु पर्ने व्यवस्था छ।चौखुट्टे देखि मंग्रा पर्यटकीय सडक निर्माणको लागि ३+५८० देखि ३+८६० सम्ममा १३२३८.६० घनमीटर अर्थवर्कको कामको लागि रु २१,००,०७२।८८ को लागत अनुमान तयार गरी सोही वमोजिम उपभोक्ता समिति संग संझौता भएकोमा सोको मुल्यांकनमा समेत सोही लागत अनमानलाई नापिकतावको रुपमा रुपानत्रण गरी प्रमाणीत गरी ३+५८० देखि ३+८६० सम्ममा १३२३८.६० घनमीटर अर्थवर्कको कामको लागि रु २१,००,०७२।८८ नै मुल्यांकन भएको देखाई भुक्तानी गरेको देखिएकोले कामको यथार्थ नाँपजाँच नभएको स्पष्ट हुन्छ । तसर्थ सो सम्वन्धमा छानविन गरी नाँपजाँच सहितको प्रतवेदन पेश हुनु पर्दछ ।	
६१.१.	उपरोक्त वमोजिमको सडक निर्माणमा ३+५८० भन्दा पूर्वको चेनेजको कामको भुक्तानी सम्वन्धमा अघिल्लो विल पेश नभएकोले चेनेज दोहोरो मापन भई भुक्तानी भए नभएको सम्वन्धमा समेत यकिन हुन सकेन ।	
६१.२.	उक्त सडक खण्डको लागत अनुमान बरावरनै उपभोक्तालाई भुक्तानी गरेको देखिएको जनश्रमदान वापतको रकम कट्टा नगरेकोले न्यूनतम १० प्रतिशतले हुने रु २,१०,०००।- बढी भुक्तानी हुन गएको रकम असुल हुनु पर्ने देखिएको रु	२१००००.०
६२.	**खालढुंगा सिमखेत चिन्नापानी सिंचाई योजनाः**	
६२.१.	**कर विजकः**२८७।०७७।३।२८ सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्वीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ।साथै मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले तोकिएको ढाँचामा रीतपुर्वकको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ ।यस गाउंपालिकाले उक्त सिंचाई योजनाको भुक्तानीमा उपभोक्ताले विभिन्न करयोग्य निर्माण सामाग्री समेत पान नं मात्र उल्लेख भएका विभिन्न विल पेश गरेको आधारमा रु ५३,८३५।—भुक्तानी दिएको छ। लागत अनुमान तयार गर्दा कर योग्य सामानमा १३ प्रतिशत मु अ कर थप गरी तयार गरेको हुंदा कर विजक वेगर उपभोक्तालाई भुक्तानी गर्दा मु अ कर वढी भुक्तानी हुने हुंदा भुक्तानी भएको मु अ कर रु ६,९९८।- असुल गरी कर दाखिला गर्नु पर्ने रु	६९९८.०
६२.२.	**दर बढी दिएको**ःउपरोक्त बमोजिम खाने पानी योजनाको भुक्तानीमा उपभोक्ताले ६३।६ के जी को प्रति रनिङ मिटर मु अ कर समेत रु ३०० को दरले खरिद गरेको विल पेश गरेकोमा सोको मुल्यांकनमा रनिङ मिटर मु अ कर समेत रु ३३८ को दरले मुल्यांकन गरेको देखिएकोले जडान भएको १४१३।५५ रनिङ मिटरको वढी भुक्तानी हुन गएको रु ५३,७१४।९० असुल हुनु पर्ने देखिएको रु	५३७१४.०
६३.	**सब–कन्ट्रयाक्टरः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब—कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था छ ।कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ ।यस गाउंपालिकाले विभिन्न सडक योजनाहरुको उपभोक्ता समिति संग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिहरुले संझौता अनुसारको काम आफैले नगरी निम्नानुसार सब– कन्ट्रयाक्टरबाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर	

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	विजकको आधारमा मु.अ.कर समेत निम्नानुसार भुक्तानी गरेको छ। ।यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अवस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब—कन्ट्रयाक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्यहभार परेको छ । सो सम्बन्धमा गाउंपालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।	

गो भौ नं. र मिति	योजनाको नाम	सब—कन्ट्रयाक्टरको नाम	भुक्तानी रकम
११।०७६।८।२०	झाडबजार देखि दर्नी सडक	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९)	१३९१५७५.६८
१२।०७६।८।२०	कृतिखाम लुग्रा चौरपाटि सडक स्तरोन्नती	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९)	१८५००००.००
१३।०७६।८।२०	सिउदी मा वि खेल मैदान निर्माण	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९)	४५६२२२.७५
१४।०७६।८।२०	डांडा सुगाठा ठांडि काट्य भद्रतोला सडक	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९)	७९९५३८.१४
२८५।०७७।३।३१	डांडा सुगाठा ठांडि काट्य भद्रतोला सडक	साउद कन्स्ट्रक्सन प्रा लि(६०२४१४५१९)	३०८५६०८.००
जम्मा			**७५,८२,९४४।५**

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
६४.	**योजना छनौटः** गाउंपालिकाले विभिन्न ब्यक्तीहरुलाई कुखुरा, भैसी तथा वाखापालन र तरकारी खेती गरे वापत विभिन्न ४६ जनालाई ५० हजार देखि १ लाख ८० हजार को दरले भुक्तानी गरेकोमा ति कृषक हरु छनोटको आधार पेश नभएको र सो भुक्तानी सम्वन्धमा गाउंसभावाट स्वीकृत भएको नदेखिएकोले सो सम्वन्धमा आधार सहित स्पष्ट हुनु पर्ने देखियो ।	
	ग्रामिण जलश्रोत कार्यक्रम तर्फः	
६५.	**उपभोक्ताको कामको मुल्यांकनः** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(४)मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको आधारमा लागत अनुमानमा रहेको ओभरहेड मुल्य अभिबृद्दीकर कन्टिजेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ।गाउंपालिकाले निम्न खानेपानी योजनाहरुको लागि पाईप फिटिङ्गस लगायतका समाग्रि खरिद गरेको आधारमा मुल्यांकन गरेको आधारमा भुक्तानी गरेको देखियो ।यस्को साथै मानिसको कामकोदर समर्त लमसम आईटमको रुपमा निम्नानुसार दैनिक ६२५को दरको गणना गरी खर्च दावि गरेको देखिंदा निश्चित नर्मसको प्रयोग गरी मुल्यांकन गरेको नपाईएको र दर विश्लेषण समेत पेश नभएकोले भुक्तानी खर्चको यथार्थता यकिन भएन ।	

गो भौ नं. र मिति	योजनाको नाम	पाईप लाईनिङको कार्यदिन	भुक्तानी रकम	कुल भुक्तानी भएको रकम
२८३।०७७।३।३१	कालीगढी बुढा खोला खा पा यो	४६२३ दिन	२८८९३७५	५४७८८९६
२८४।०७७।३।३१	एरीमुल बुढा खोला खा पा यो	४५७८.५ दिन	२८६१५६२	५९०३८९६

<table>
<tr><th>दफा नं</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>जम्मा</td><td>५७५०९३७</td><td>११३८२७९२</td></tr></table>उपरोक्त बमोजिमको योजनाको मुल्यांकनमा प्रयोग भएको नर्मस र दर विश्लेषणको आधार समेत पेश नभएकोले सोको यथार्थता यकिन भएन ।</td><td></td></tr>
<tr><td>६६.</td><td>शान्ती मा वि भवन निर्माणः यस भवन निर्माणको लागि मु अ कर समेत रु ८२,५०,८२५।८७ को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थाको लागि सूचना प्रकाशन गरे वमोजिम दर्ता हुन आएका ३ वटा बोलपत्र दाताहरुमध्ये लागत अनुमान भन्दा ०प्रतिशत घटी अर्थात मु अ कर समेत रु ०९.,८२४३,२५५।३१ कवोल गर्ने युवराज निर्माण सेवाको वोलपत्र स्वीकृत गरी २०७७।७।२५ सम्मा काम सम्पन्न गर्ने गरी ०७६।८।२५ मा कार्यदिश दिएको देखिन्छ ।यो बर्ष २०७७।३।३० मा प्रथम विल पेश गरे बमोजिम मु अ कर समेत रु ५५,४३,७३२।- भुक्तानी भएको छ ।सो सम्वन्धमा देखिएको अन्य व्यहोरा निम्न छन् ।</td><td></td></tr>
<tr><td>६६.१.</td><td>प्रतिष्पर्धाः१५५।०७७।३।३० सार्बजनिक खरिद ऐन २०६३ को दफा २६मा कुनै बोलपत्रदाताले (६) आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने व्यवस्था छ ।ठेक्का व्यवस्थाको लागि बोलपत्र आह्वान गरेकोमा विक्री भएका विभिन्न बोलपत्र हरुमध्ये दर्ता हुन आएका ३ वटा बोलपत्र दाताहरुमध्ये २ वटाले लागत अनुमान भन्दा बढी कबोल गरेको र १ जनाले करिव लागत अनुमान वरावर उल्लेख गरेको देखिंदा बोल पत्र दाताहरु वीच मिलोमतो नभई स्वतन्त्ररुपमा प्रतिष्पर्धात्मक वातावरणमा खरिद कार्य भएको सम्बन्धमा विश्वस्थ हुने आधार देखिएन ।</td><td></td></tr>
<tr><td>६७.</td><td>खर्च पुष्टि नभएकोः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकावाट निम्नानुसारको भुक्तानी खर्च पुष्ट्याईको लागि आवस्यक प्रमाण संलग्न नगरी भुक्तानी खर्च लेखेको देखिएकोले आवस्यक प्रमाण पेश हुनु पर्ने रु
<table>
<tr><td>गो भौ र मिति</td><td>भुक्तानी विवरण</td><td>भुक्तानी लिने</td><td>खर्च पुष्टि नभएको रकम</td><td>कैफियत</td></tr>
<tr><td>१६१।०७७।३।३०</td><td>वास खान्या खा पा</td><td>युवराज निर्माण सेवा</td><td>१९०२५८२</td><td>ठेक्का फाईल पेश नभएको</td></tr>
<tr><td>२७५।०७७।३।३१</td><td>सिउदी मा वि भवन</td><td>उ स</td><td>२३०००००</td><td>विल पेश नभएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४२०२५८२.०</td><td></td></tr>
<tr><td>१६२।०७७।३।३०</td><td>सिउंदो मा वि घेरा वार</td><td>एम एम डि कन्स्ट्रकसन</td><td>१५३६१५४</td><td>कर विजक सच्चाएको कर समायोजन पेश हुनु पर्ने</td></tr>
</table></td><td>४२०२५८२.०</td></tr>
<tr><td></td><td>गाउँपालिका चालुतर्फ</td><td></td></tr>
<tr><td>६८.</td><td>करकट्टी दाखिलाः ३१५/२०७६/१०/२८, कार्यालयले उपभोक्ता समिति पदाधिकारी र जनप्रतिनिधिलाई योजना कार्यान्वयन सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन ज.स्वा.नि धन बहादुर थापालाई रु ५०००००.० भुक्तानी गरेको छ।संलग्न श्रेस्ताअनुसार करकट्टी बापतको रु ११३७८.० दाखिला भएको भौचर पेश नभएकोले, करकट्टी बापतको रकम दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>११३७८.०</td></tr>
<tr><td>६९.</td><td>तलब बढी भुक्तानीः प्रमुख प्रशासकिय अधिकृत श्री गणेश प्रसाद जैशी (शाखा अधिकृत, रा.प.तृतिय) को नेपाल सरकारले तोकेको तलबमान अनुसार मासिक तलब स्केल (ग्रेड बाहेक) रु ३५९९०.० भुक्तानी</td><td></td></tr>
</table>

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	हुनपर्दछ। कार्यालयले निजलाई मासिक रु ४०३८०.० (ग्रेड बाहेक) का दरले, तलबी प्रतिवेदन समेत पारित नगरी भुक्तानी गरेको छ। निजलाई संचय कोष थप समेत मासिक रु ३९५८९.० भुक्तानी हुनुपर्नेमा, रु ४४४१८.० भुक्तानी भएकोले, संचय कोष थप समेत निजलाई रु ६२३३८.० बढी भुक्तानी भएको देखिएकोले, तलब स्केल बढी भुक्तानी हुने आधार पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	६२३३८.०
७०.	**मर्मत खर्चः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले गाडी, मोटरसाईकल तथा डोजरको मर्मतमा २७ लाख खर्च गरेकोमा, मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन। नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले, खर्चको वास्तविकता यकिन गर्न सकिएन।	
७१.	**सहभागिता भत्ताः** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१५ मा कार्यक्रममा सहभागित भत्ता बापत प्रति दिन १०० का दरले भुक्तानी गर्ने उल्लेख छ। कार्यालयद्वारा संचालित देहायका कार्यक्रममा सहभागि बापत रु १०० का दरले भुक्तानी हुनुपर्नेमा, तोकिएकोभन्दा बढी रकम भुक्तानी भएकोले, बढी भुक्तानी भएको रु ५१०३०.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु	५१०३०.०

भौ.नं/मिति	कार्यक्रम	सहभागी संख्या	भुक्तानी भएको रकम (करकट्टि पश्चात्त)	भुक्तानी हुनुपर्ने रकम (करकट्टि पश्चात्त)	बढी भुक्तानी रकम
८३/२०७६/६/१५	स्वास्थ्य वार्षिक समिक्षा	३१	५६३००	५२७०	५१०३०
जम्मा					५१०३०.०

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
७२.	**सट्टा शिक्षक बापत भुक्तानीः** नेपाल सरकारको परिपत्रअनुसार श्रोतव्यक्तिको पदावधि २०७५ फागुन महिनापछि समाप्त भईसकेको र निजहरुले कार्यरत रहेको विद्यालयकबाट नै पारिश्रमिक बुझ्नुपर्दछ। गाउँपालिकाले श्रोतव्यक्तिको सट्टामा कार्यरत सट्टा शिक्षकको पारिश्रमिकबापत देहायका विद्यालयलाई रु ७८५२००.० भुक्तानी गरेको छ। श्रोतव्यक्तिको पदावधि समाप्त भईसकेको अवस्थामा सट्टा शिक्षकको लागी तलब/भत्ता भुक्तान गरी व्ययभार बढ्न गएको देखिन्छ।	

सि.नं	विद्यालयको नाम	रकम
१	सिउडी मा.वि	३९२६००.०
२	बैजनाथ मा.वि	३९२६००.०
जम्मा		७८५२००.०

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
७३.	**बैठक भत्ताः** ५४५/२०७७/२/२९, अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अनुसार एकै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ। निकायका कर्मचारी तथा पदाधिकारी मात्र सम्मिलित भएको निम्मानुसार संख्याका पदाधिकारीहरुलाई, बैठक भत्ता बापत भुक्तानी भएको रु २७८४००.० अनियमित खर्च रु	२७८४००.०

भौ.नं/मिति	प्रयोजन	पदाधिकारी संख्या	रकम (करकरट्टी बाहेक)
१६५/२०७६/८/१६	शान्ति मा.वि ८ कोठे भवन बोलपत्र मूल्याङ्कन	२०	१६३२००.०
५३८/२०७७/३/१	विभिन्न टेन्डर बैठक बापत	२०	१०५०००.०
५६६/२०७७/३/१२	सामाजिक सुरक्षा स्थानिय समन्वय समिति बैठक भत्ता	८	१०२००.०

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	जम्मा — २७८४००.०	
७४.	**निजी सवारी प्रयोगकर्तालाई मर्मत खर्च भुक्तानीः** ११४/२०७६/९/१५, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकम भुक्तानी दिदा रीत पुगेमा वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले प्रयोजन नखुलाई निजी सवारी मर्मत बापत जलस्रोत अधिकृतलाई रु ४४७५०.० भुक्तानी गरेको छ। प्रयोजनबिना निजी सवारी मर्मतका लागी भुक्तानी भएको नियमसम्मत नदेखिएको रु	४४७५०.०
७५.	**गाउँसभा संचालन सहजिकरण बापत भुक्तानीः** ५५५/२०७७/३/११, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकम भुक्तानी दिदा रीत पुगेमा वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले गाउँसभा संचालन सहजिकरण बापत झंकर बहादु कुँवरलाई रु ४९७००.० भुक्तानी गरेकोमा, सोको लागी कार्यविवरण तोकि, सम्झौता भएको छैन। कार्यालयमा मौजुदा जनशक्तिले सभा संचालन गर्न सक्ने अवस्थामा, कार्यविवरण तथा सम्झौताबिना निजलाई भुक्तानी भएको रु ४९७०० नियमसम्मत नदेखिएको रु	४९७००.०
७५.१.	**७३९/२०७७/३/१२, ७४३/२०७७/३/३०,** कार्यालयले गाउँसभा संचालनमा सहयोग गरेबापत १३ कर्मचारीहरुलाई एक महिनाको तलब बराबर रु ४२७२४२.० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ। संलग्न फाँटवारी अनुसार, निजहरुले एक महिना के कति थप कार्य गरेको, सोको विवरण साथै अतिरिक्त कार्य गरेको हाजिरीसमेत पुष्टि भएको छैन।	
७६.	**लागत अनुमान बिना भुक्तानीः** २०३/२०७६/९/१, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एकलाख माथिको कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ११ वटा कार्यविधि निर्माण बापत झंकर बहादुर कुँवरलाई रु ११४०००.० भुक्तानी गरेकोमा, परामर्श सेवा खरिदका लागी लागत अनुमान स्वीकृत गरेको छैन। निजले कुन कुल कार्यविधि निर्माण गरेको पेश समेत नभएकोले, कार्यविधि निर्माण बापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु	११४०००.०
७६.१.	**अडियो/भिडियो निर्माणः** ४२०/२०७६/१२/२, आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कृषि र पर्यटन सम्बन्धि अडियो/भिडियो प्रशारण गरेबापत त्रिनेत्र मल्टिमिडियालाई उक्त संस्थाको बिजकबिना रु ५००००.० भुक्तानी गरेकोमा, सो बापत रु १६६२ मात्र अग्रिम करकट्टी गरेको छ। लेखापरीक्षणको क्रममा उक्त मल्टिमिडियाको अडियो/भिडियो पेश भएको छैन भने, ऐन बमोजिम घटी करकट्टी गरेको रु ७३३३८.० उक्त फर्मबाट असुल गर्नुपर्ने रु	७३३३८.०
	सामाजिक सूरक्षातर्फ	
७७.	**सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७६।७७ मा १० वडामा सामाजिक सुरक्षा भत्ता बापत रु १०४१४०६०० वितरण गरेको छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ।	
७७.१.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।	
७७.२.	**बैंक मार्फत भत्ता वितरण नभएकोः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ७ को दफा २२ मा स्थानिय तहले सर्शत अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको	

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ ।गाउपालिकाले ७ वटै वडामा तीनै चौमासीकमा बैकिङ्क प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना हातहातै नगद वितरण गरेको पाईयो ।यसरी वितरित सामाजिक सुरक्षा सम्बन्धित सेवाग्राहीले प्राप्त गरे नगरेको यकिन हुन सकेन ।कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन ।लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ ।	
	कोभिड खर्चसम्बन्धि विवरण	
७८.	**कोभिड कोष र खर्चः** गाँउपालिकाको कोषमा स्थानिय तहको आफ्नै विनियोजित बजेटबाट रु ६६७३८४८, प्रदेश कोभिड कोषबाट रु २८८५००० र अन्य श्रोतबाट रु ६९२३५११ गरी कुल रु १६४८२३५९.० प्राप्त भएकोमा राहत वितरणमा रु १३३३५००, क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापनमा रु ५५७७८६०, जनशक्ति परिचालनमा रु ७५४२१९, औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरीदमा रु ५१७४३६३ र अन्य शिर्षकमा रु १५०४१२३ गरी कुल रु १४५२८२३७.० खर्च लेखेको छ ।	
७९.	**कोभिड औषधि खरिदः** ४९/२०७७/३/२५, कार्यालयले कोभिड औषधि खरिदका लागी ज.स्वा.नि धन बा.थापालाई रु ७०८२३८५.० भुक्तानी गरेको छ।निजलाई सो बापत मिति २०७७/१/८ मा रु ५०००००.० पेश्कि उपलब्ध गराएकोमा, संलग्न श्रेस्ता अनुसार पेश्की उपलब्ध गराएको मिति भन्दा अघि, २०७६ फागुनको बिजकको आधारमा औषधी र सो बाहेक कपडा, डस्टबिन लगायतका अन्य समाग्री बापत रु २०२७७६.० निजलाई भुक्तानी भएकोमा, पेश्की उपलब्ध भएभन्दा अघिको मितिमा किन औषधी तथा अन्य सामग्री खरिद भएका हुन् यकिन गर्न सकिएन।साथै संलग्न बिजकका आधारमा, अग्रिम करकट्टी रु ३१२३५.० हुनुपर्नेमा, रु १३४५.० मात्र भएकोले, घटी करकट्टी भएको रु २९८९०.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु	२९८९०.०
	धरौटीः	
८०.	**लेखापरीक्षण नभएकोः** धरौटी तर्फको कारोबार श्रेस्ता तयार नगरेकोले लेखापरीक्षण भएको छैन ।	
	आन्तरिकलेखापरीक्षणबाट कायम बेरुजुः आन्तरिक लेखापरीक्षण प्रतिवेदन वाट औल्याईएका व्यहोरा निम्नानुसार फर्छ्यौट गर्नु पर्ने देखिन्छ ।	
८१.	**कर घटी कटाएकोः**आयकर ऐन २०५८ को दफा ८८ तथा ८९ अनुसारको विभिन्न भुक्तानीमा तोकिएको दरमा कर कट्टा गर्नु पर्ने व्यवस्था गरेको छ ।यस गाउँ पालिकाले निम्नानुसारको भुक्तानीमा कर नकटाएको र कटाएको हकमा घटी कटाएको देखिएकोले देहायअनुसार असुल गरी कर दाखिला गर्नु पर्ने देखिएको रु	४६४७२.०

गो भौ र मिति	भुक्तानी विवरण	भुक्तानी लिने	भुक्तानी रकम	करको दर	कट्टा हुनु पर्ने रकम	कट्टा भएको रकम	घटि कट्टा भएको रकम
स्थानीय पूर्वाधार विकास कार्यक्रमतर्फ							

दफा नं	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

१०/२०७७/३/२८	भवन निर्माण	डुग्री आ.वि भवन निर्माण उ स	४९१६६१	१.५ र १० प्रतिशत	२२३७५	०	२२३७५
११/२०७७/३/२८	भवन निर्माण	कोकलेगाडा सेल्धारा ग्रा स नि उ स	९७३४३७	१.५ प्रतिशत	१४६०२	०	१४६०२
संघिय सरकारबाट हस्तान्तरित चालु							
११३/२०७७/३/२६	बहाल कर	कमल बा साउँद	१०००००	१०	२४००	०	२४००
१२५/२०७७/३/२०	अग्रिम करकट्टि	धन बा थापा	२०२०००	१.५	२३४५	०	२३४५
गाउँपालिका पूँजिगत							
२३५/२०७७/३/१५	ढुवानी करकट्टि	तुल्क्षी देवि साउद	३५०००	१०	३५००	०	३५००
२३९/२०७७/३/२६	ढुवानी करकट्टि	बल बहादुर खड्का	१२०००	१०	१२००	०	१२००
२१६/२०७७/३/२२	ढुवानी करकट्टि	रतनदेवी धामी	५०००	१०	५००	०	५००
जम्मा							४६४७२.०

८२. **खर्च पुष्टि नभएको:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकाबाट निम्नानुसारको भुक्तानी खर्च पुष्टयाईको लागि आवस्यक प्रमाण संलग्न नगरी भुक्तानी खर्च लेखेको देखिएकोले आवस्यक प्रमाण पेश हुनु पर्ने अन्यथा देहायअनुसार खर्च पुष्टि नभएको रकम असुल हुनु पर्ने देखिएको रु — बेरुजू रकम: ९७०८११.०

गो भौ र मिति	भुक्तानी विवरण	भुक्तानी लिने	भुक्तानी रकम	खर्च पुष्टि नभएको	कैफियत
चालु तर्फ					
३४/२०७६/८/२९	ग्रेड बढी भुक्तानी	चौरमाण्डौ प्रा.स्वा.के	१५९३०	१५९३०	ग्रेड दर बढी भुक्तानी
११३/२०७७/३/२६	दोहोरो भुक्तानी	स्वास्थ्यकर्मी	१४५७२	१४५७२	
पूँजिगत तर्फ					
४४/२०७६/११/१३	भेरियसन नभएको	पतरैना तटबन्धन योजना उ स	४८००००	३६७०४	लागत अनुमानमा समावेश नभएको आईटम बापत भुक्तानी
५६/२०७६/१२/३	खर्च पुष्टिको प्रमाण नभएको	चौरमाण्डौ खेडीगाउँ सडक निर्माण उ स	४८००००	४८००००	श्रेस्ता विलभरपाई नभएको
५५/२०७६/११/२१	रकम भुक्तानीको प्रमाण नभएको	चक्र बहादुर बोगटी	१०००००	१०००००	विद्यालयलाई भुक्तानी भएको रकम सम्बन्धित विद्यालयको खातामा जम्मा भएको पुष्टी नहुने

दफा नं	भौ.नं, मिति र ब्यहोरा						बेरुजू रकम
	८१/२०७७/२/१८	खर्च पुष्टिको प्रमाण नभएको	दया पिपलतोला मा वि फर्निचर निर्माण उ स	२४९६००	२४९६००	फर्निचरहरुको हस्तान्तरण निर्माण आम्दानी लगायत प्रमाण पेश नभएको	
	१३३/२०७७/३/२५	खर्च पुष्टिको प्रमाण नभएको	बोखन्ना बाल विकास केन्द्रको छाना मर्मत	७४००५	७४००५	प्राविधिक नापजाँच र ल ई पेश नभएको	
	जम्मा				९७०८११.०		

८३. पेश्कि बाँकीः आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने **रु**

बेरुजू रकम: ४३२००००.०

सि नं	पेश्कि लिनेको नाम	पद/ठेगाना	प्रयोजन	रकम रु
	म्याद ननाघेको पेश्की			
१	सेविका कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी	अछाम	कृतिखाम चौरपाटी ग्रामिण सडक स्तरोन्नती	८४७०००.०
२	जय श्री बैधनाथ कन्स्ट्रक्सन	अछाम	शनिकोट धार्मिक पर्यटकिय क्षेत्र विकास	११५१०००.०
३	स्वर कन्स्ट्रक्सन प्रा लि		चौरपाटी गाउँपालिका भवन निर्माण	५०,००,०००.०
			जम्मा	६९९८०००.०
	म्याद नाघेको पेश्की			
४	राजेन्द्र बहादुर कुँवर	अछाम	शिरोमणी आ.वि भवन निर्माण पेश्की	८८९०००.०
५	चौखुने ओखलढुङ्गा झो पु नि उ स	अछाम	झो पु निर्माण पेश्की	५०००००.०
६	श्री माष्टामाण्डौ आ. वि	अछाम	भवन निर्माण	६४००००.०
७	कैलाश कुमार भट्ट	अछाम	प्रधानमन्त्री रोजगार पारिश्रमिक	२२९१०००.०
जम्मा				४३२००००.०

चौरपाटी गाउँपालिका सञ्चित कोष विवरण

अनूसुची १

२०७६।७७

(रु हजारमा)

क्र.स	स्थानीय तह	जिल्ला	आय						व्यय				मौज्दात बाँकी
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाडफाड	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	चौरपाटी गाउँपालिका	अछाम	२६६०८	३२४१४७	६०७६१	९८४५	१२७१६९	५४८५३०	३३६२०४	१८५६९१	१६६३५	५३८५३०	१००००

बेरुजु वर्गकरण(बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनूसुची २

२०७६।७७

(रु हजारमा)

क्र.स	स्थानीय तह	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्योट			बाँकी बेरुजु			**बेरुजु**									
		दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
		सै	ल	रकम	सै	ल	रकम	सै	ल	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	**जम्मा**
१	चौरपाटी गाउँपालिका	६२	४३	४८२८२	०	०	०	६२	४३	४८२८२	४४१८	१६९३६	२२६०८	०	०	३९५४४	०	४३२०	४३२०

अद्यावधिक बेरुजु स्थिति

अनूसुची ३

२०७६।७७

(रु हजारमा)

स्थानीय तह	गत बर्ष सम्मको बाँकी बेरुजु	समायोजन	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की
चौरपाटी गाउँपालिका	५८१४१	०	०	०	०	०	५८१४१	४८२८२	१०६४२३	११३५३